यो आकाशवाणी हो ।

समाचार तुलसा शर्माबाट सुन्नुहोस्।

मुख्य समाचार ।

- प्रधानमन्त्रीले राष्ट्रीय हल्दी बोर्ड स्थापनाको गर्नुभयो प्रसंशा
- सांख्यीकी उपकरण र मात्रात्मक तकनीकले , नीतिगत निर्णयका लागि अनुभव प्रदान गरेर प्रभावी शासनमा महत्वपूर्ण भूमिका निभाउने
- बी.एन.पी-ले अगस्त सम्ममा अगिलो आम चुनाव गराउने गर्यो मांग
- प्रयागराज महाकुम्भमा तीन करोड पचास लाख भन्दा अधिक श्रद्धालु र तीर्थयात्रीले लगाए डुबकी अनि,
- जम्मू-कश्मीरको राजौरी जिलामा नियन्त्रण रेखाको विस्फोटमा सेनाका छज ना जवान घाइते

**प्रधानमंत्री राष्ट्रीय - हल्दी बोर्ड**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज राष्ट्रीय हल्दी बोर्डको स्थापनाको सराहना गर्नुभयो । सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले बोर्डको स्थापनालाई विशेष रूपले हल्दी किसानहरूका लागि अत्यन्त हर्षको विषय बताउनुभयो ।उहाँले बोर्ड हल्दीको उत्पादनमा नवाचार, वैश्विक सम्वर्धन र मूल्यवर्धनको राम्रो अवसर सुनिश्चित गर्ने बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, यसले आपूर्ति श्रृंखला बलियो हुनेछ र किसान तथा उपभोक्ता दुबैलाई लाभ हुनेछ।

**प्रधानमंत्री - सशस्त्र सेना दिवस**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज **सशस्त्र बल पूर्व सैनिक दिवसको** अवसरमा पूर्व सैनिकहरू

प्रति आभार व्यक्त गर्नुभयो । सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले ती शहीदहरूलाई श्रद्धांजलि अर्पण गर्नुभयो, जसले  राष्ट्रको रक्षाका लागि आफ्नो जीवन समर्पित गरे । प्रधानमन्त्रीले भन्नुभएको छ, हाम्रा भूतपूर्व सैनिकहरू  नायक र देशभक्तिको चिरस्थायी प्रतीक हुन् । उहाँले, हाम्रो सरकारले सधैं भूतपूर्व सैनिकहरूको कल्याणका लागि काम गरेको र भविष्यमा  पनि जारी रहने  बताउनुभयो । **सशस्त्र बल पूर्व सैनिक दिवस** हरेक साल सेनाको सेवा र समर्पणको सम्मानमा मनाइन्छ, जसले राष्ट्रका लागि अमूल्य योगदानलाई मान्यता दिन्छ।

## 32 राष्ट्रपति - सांख्यिकी

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भन्नुभएको छ, सांख्यीकी उपकरण र मात्रात्मक तकनीकले , नीतिगत निर्णयका लागि अनुभव प्रदान गरेर प्रभावी शासनमा महत्वपूर्ण भूमिका निभाउँछ। राष्ट्रपतिले  आज राष्ट्रपति भवनमा भारतीय सांख्यीकी सेवा-आई.एस.एसको परिवीक्षार्थीहरूको एउटा समूहलाई संबोधित गर्दै भन्नुभएको हो । उहाँले सरकारले स्वास्थ्य, शिक्षा, जनसंख्या आकार र रोजगार आदिमा डेटा एकत्र गर्नका लागि राष्ट्रीय सांख्यिकी प्रणालीमा निर्भर रहेको विषयमा जोड दिनुभयो । राष्ट्रपतिले भन्नुभयो, सांख्यीकी विश्लेषण शासनमा पारदर्शिता र जवाबदेही लाउने एउटा माध्यम हो। उहाँले भन्नुभयो, सांख्यीकी केवल कुशल शासनको रीढ़ मात्र नभएर सामाजिक-आर्थिक विकासको एउटा उपकरण पनि हो । राष्ट्रपति  श्रीमती मुर्मुले भन्नुभयो, सरकारलाई नीती तयार गर्न तथा लागू गर्ने र निगरानी गर्नका साथ-साथै नीति समीक्षा र प्रभाव आकलनका लागि डेटाको आवश्यकता हुन्छ।

## बांग्लादेश - चुनाव

बंग्लादेशमा बंग्लादेश Nationalist Party – बी.एन.पी-ले देशको अन्तरिम सरकारले देशको हितमा यस वर्ष अगस्त सम्ममा अगिलो आम चुनाव गराउने मांग गरेको छ। बी.एन.पी-का महासचिव **श्री मिर्जा फखरुलले** आज भन्नुभयो, यस वर्षको मध्य सम्म अर्थात जुलाई र अगस्त बीच चुनाव गराउनु सम्भव छ। **यूनाइटेड न्यूज अफ बांग्लादेशले** बताएको छ, पार्टीको स्थायी समितिको सोमवार राती बैठक भयो जसमा चुनाव बारे चर्चा भयो। बी.एन.पी-का महासचिवले अन्तरिम सरकार, निर्वाचन आयोग र राजनीतिक दल संग यस वर्षको मध्य सम्म चुनाव गर्नका लागि कदम उठाउन मांग गरेको छ। उहाँले भन्नुभयो, अब प्रशासन धेरै स्थिर भएको छ र चुनाव सार्ने कुनै कारण छैन। उहाँले भन्नुभयो , निर्वाचीत सरकारको कुनै विकल्प छैन र चुनावमा जती ढिलो हुन्छ , आर्थिक र राजनीतिक संकट उतीनै गहिरो हुनेछ।

**महाकुंभ-मकर संक्रांति स्नान**

प्रयागराजमा महाकुम्भमा त्रिवेणी संगममा आज मकर संक्रांति अमृत स्नानमा तीन करोड पचास लाख भन्दा अधिक श्रद्धालु र तीर्थयात्रीले डुबकी लगाए। अमृत स्नानमा लाखौं श्रद्धालु र सन्त शामेल भएका छन् । मकर संक्रांतिको अवसरमा विभिन्न अखाडाका **महामण्डलेश्नरहरूले** अमृत स्नान गरे । मकर संक्रांतिमा सबै परम्परा र रीति-रिवाज सुचारू रूपले चली रहेको छ। पवित्र डुबकी पछि श्रद्धालुले परम्परा निभाए र घाटमा पूजा-अर्चना गरे। परम्परा अनुसार मकर संक्रांतिको अवसरमा श्रद्धालुले दान-दक्षिणा पनि गरे भने बिहान लाखौं जना गंगा आरतीमा शामेल भए। हाम्रा संवाददाताले खबर दिए अनुसार श्रद्धालु र तीर्थयात्रीहरूमा Helicopter ले फूलको वर्षा गर्यो।

### विदेश मंत्रालय-रूस

भारतले रूसमा एक जना भारतीय नागरिकको मृत्युको मामिलालाई रूसी अधिकारिहरू र नयाँ दिल्लीमा रूसी दूतावास संग उठाएको छ । विदेश मंत्रालयले भनेको छ, रूसी सेनाका लागि काम गरिरहेका बाकी रहेका भारतीय नागरिकलाई छिट्टै नै सेवा मुक्त गरियोस् । आज जारी एउटा बयानमा विदेश मंत्रालयले केरलका एक भारतीय नागरिकको मृत्युमा दुख व्यक्त गरेको छ जसलाई रूसी सेनामा भर्ती गरिएको थियो। विदेश मंत्रालयले बताए अनुसार केरलका नै एक अर्का भारतीय नागरिक घाइते छन् जसको मस्को अस्पतालमा उपचार चली रहेको छ। मंत्रालयले बताएको छ, मस्कोमा भारतीय दूतावास दुबै जनाको परिवारको सम्पर्कमा छ र हर सम्भव सहायता दि रहेको छ । मंत्रालयले भनेको छ, मृत भारतीय नागरिकको पार्थीव शरीरलाई छिट्टै भारत पठाउनका लागि रूसी अधिकारीहरूको सम्पर्कमा छ। घाइते भएका व्यक्तिलाई पनि छिट्टै भारत पठाउने मांग पनि गरिएको छ ।

### महाराष्ट्र- दिवस

महाराष्ट्रमा केन्द्रीय मन्त्री श्री नितिन गडकरीले भन्नुभएको छ, राष्ट्रको रक्षामा वीर सैनीकको योगदान अविस्मरणीय छ , जसले देशको गौरवशाली इतिहास र परम्परालाई अक्षुण्ण राखेको छ ।उहाँले आज नागपुर स्थित भारतीय वायु सेनाको रखर खाव कमान मुख्यालयमा नबौं सशस्त्र बल पूर्व सैनिक दिवस समारोहलाई संबोधित गर्नुभयो । रक्षा क्षेत्रमा भारतको आत्मनिर्भरताको आवश्यकतामा जोड दिँदै श्री गडकरीले विश्व शान्ति र अहिंसाको स्थापनाका लागि तीनै रक्षा बलको महत्वको पनि उल्लेख गर्नुभयो ।

### कोयला-आयात

पछिलो बर्ष अप्रेलदेखी अक्टूबरको अवधिमा देशको कोइला आयातमा तीन प्रतिशत भन्दा अधिकको गिरावट आएको छ। पछिलो वर्षको यसै अवधिमा कोइला आयात पन्द्रह करोड चालीस लाख टन देखी घटेर चौध करोड नब्बै लाख टन रहेको छ। कोयला मंत्रालयले बताए अनुसार , देशको बढ्दो अर्थव्यवस्थामा कोइला क्षेत्रको महत्वपूर्ण स्थान छ । मन्त्रालयले भनेको छ, देशमा कोइलाको मांग र आपूर्तीमा बडो अन्तर छ ।

## जम्मू-कश्मीर - नियंत्रण रेखा

जम्मू-कश्मीरको राजौरी जिलामा नियन्त्रण रेखामा आज एउटा विस्फोटमा सेनाका छजना जवान घाइते भएका छन् । आकाशवाणीको जम्मू संवाददाताले बताए अनुसार , नियमित गस्तीको क्रममा, सेनाले जमीनको सुरुङ्पार गरे जसले विस्फोटको कारण बनायो । घाइते भएका जवानहरूको उपचारका लागि तुरन्तै राजौरीको अस्पतालमा लगियो । खबर अनुसार सबै सैनिकहरूको स्थिति स्थिर छ।

## मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले राष्ट्रीय हल्दी बोर्ड स्थापनाको गर्नुभयो प्रसंशा
- सांख्यीकी उपकरण र मात्रात्मक तकनीकले , नीतिगत निर्णयका लागि अनुभव प्रदान गरेर प्रभावी शासनमा महत्वपूर्ण भूमिका निभाउने
- बी.एन.पी-ले अगस्त सम्ममा अगिलो आम चुनाव गराउने गर्यो मांग
- प्रयागराज महाकुम्भमा तीन करोड पचास लाख भन्दा अधिक श्रद्धालु र तीर्थयात्रीले लगाए डुबकी अनि,
- जम्मू-कश्मीरको राजौरी जिलामा नियन्त्रण रेखाको विस्फोटमा सेनाका छ जना जवान घाइते